निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: मिति : २०७३/११/१५

## प्रेस विज्ञप्ति

(१) निर्वाचन आयोगबाट आज मिति २०७३/११/१५ गते बसेको बैठकले गरेको निर्णयानुसार, आयोगको यस अघि संवत् २०७३ साल कार्तिक १ गते र ऐ. २ गतेको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार नेपालको संविधानको धारा २६९ बमोजिम आयोगमा दर्ता कायम भई पुनः संवत् २०७३ साल पौष २५ गतेको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित यस आयोगको सूचना बमोजिम संवत् २०७३ साल माघ १७ गतेभित्र आफू क्रियाशील रहेका जिल्लाका जिल्लास्तरीय समितिमार्फत सम्बन्धित जिल्लास्थित क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा विवरण उपलब्ध गराउने राजनीतिक दलहरूले आगामी संवत् २०७४ साल बैशाख ३१ गते सञ्चालन हुने स्थानीय तहको निर्वाचनमा भाग लिनका लागि सम्वत् २०७३ साल फागुन १८ गतेसम्ममा कान्तिपथ, काठमाण्डौस्थित यस आयोगमा निवेदन दिने व्यवस्थाका लागि तथा आयोगको मिति २०७३ साल पौष २५ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुरूप विवरण उपलब्ध गराउने राजनीतिक दलले पुनः यस सूचना बमोजिम निवेदन दिन नसकेको अवस्थामा समेत संविधानको धारा २७१ को प्रयोजनार्थ आयोगबाट मान्यता दिने व्यवस्था समेतका लागि सूचना प्रकाशन गर्ने निर्णय गरेको छ । सूचनाको विवरण निम्नानुसार रहेको छ ।

**"निर्वाचन आयोग, नेपाल**
**नेपालको संविधानको धारा २७१ को प्रयोजनको लागि राजनीतिक दलले निवेदन दिने सम्बन्धी**

## सूचना

१. निर्वाचन आयोगको यस अघि संवत् २०७३ साल कार्तिक १ गते र ऐ. २ गतेको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार नेपालको संविधानको धारा २६९ बमोजिम आयोगमा दर्ता कायम भई पुनः संवत् २०७३ साल पौष २५ गतेको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित यस आयोगको सूचना बमोजिम संवत् २०७३ साल माघ १७ गतेभित्र आफू क्रियाशील रहेका जिल्लाका जिल्लास्तरीय समितिमार्फत सम्बन्धित जिल्लास्थित क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा विवरण उपलब्ध गराउने राजनीतिक दलहरूले आगामी संवत् २०७४ साल बैशाख ३१ गते सञ्चालन हुने स्थानीय तहको निर्वाचनमा भाग लिनका लागि निवेदन दर्ता गराउनु पर्ने भएकोले सम्वत् २०७३ साल फागुन १८ गतेसम्ममा कान्तिपथ, काठमाडौंस्थित यस आयोगमा निवेदन दिनुहुन सूचित गरिएको छ । यसरी निवेदन दर्ता गराउने राजनीतिक दलहरू नेपालको संविधानको धारा २७१ बमोजिम स्थानीय तहको निर्वाचन प्रयोजनको लागी दर्ता भएको मानिनेछ । निवेदनको ढाँचा आयोगको वेब-साइट www.election.gov.np बाट डाउनलोड गर्न वा आयोगको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"

प.सं. च.नं./Ref:

२. यो सूचना बमोजिम दिने निवेदनमा सम्बन्धित राजनीतिक दलले देहायका विवरण समेत खुलाउनु पर्नेछ :-

(क) राजनीतिक दलको नाम र त्यसको प्रधान कार्यालय रहने ठेगाना,

(ख) राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिका सदस्य तथा अन्य पदाधिकारीको संख्या,

(ग) राजनीतिक दलको संगठनात्मक स्वरूप,

(घ) राजनीतिक दल दर्ताको लागि अधिकारप्राप्त व्यक्तिले प्राप्त गरेको अधिकारपत्र,

(ङ) राजनीतिक दलको आधिकारिक छापको नमूना ।

३. राजनीतिक दलले निवेदन दिंदा वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४. राजनीतिक दलले स्थानीय तह निर्वाचन प्रयोजनको लागि निवेदन पेश गर्दा संविधानको धारा २६९ को उपधारा (४) द्वारा निर्धारित शर्तहरू पूरा गरेको वा पूरा गर्ने कबोल गरेको हुनु पर्नेछ ।

५. निर्वाचन प्रयोजनका लागि निवेदन पेश गर्न सार्वजनिक बिदाका दिनमा समेत आयोगको कार्यालय खुला रहनेछ ।

६. यस सम्बन्धी थप जानकारीको लागि आयोगमा सम्पर्क राख्न सकिनेछ ।

द्रष्टव्य: संवत् २०७३ साल पुस २५ गतेको सूचना बमोजिम क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालयमा विवरण बुझाएका राजनीतिक दलले यो सूचना बमोजिम निवेदन दिन छुट भएमा समेत त्यस्ता दलहरू नेपालको संविधानको धारा २७१ बमोजिम स्थानीय तहको निर्वाचन प्रयोजनको लागि दर्ता भएको मानिनेछ ।"

(२)